Regd. No.: 1229/066/67

0394118

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
'A' Class Institution Licensed By Nepal Rastra Bank

मिति : २०७८/०८/०१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : लाभांश प्रस्ताव संशोधन गरिएको बारे ।**

महोदय,

यस बैंकको सञ्चालक समितिको मिति २०७८/०७/२३ गते बसेको ३४२ औं बैठकबाट पारित बैंकको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरणबाट प्रस्ताव गरिएको १२.०७ प्रतिशत बोनस शेयर नेपाल राष्ट्र बैंकको स्वीकृतिको लागि पेश भएकोमा लाभांश कर प्रयोजनको लागि आवश्यक नगद लाभांश प्रस्ताव गर्नुपर्ने नेपाल राष्ट्र बैंकबाट निर्देशन भएकोले मिति २०७८/०८/०१ गते विहान ९:०० बजेदेखि १०:३० बजे सम्म बसेको संचालक समितिको ३४४ औं बैठकले उक्त प्रस्तावित लाभांशलाई देहाय बमोजिम संशोधन गरी पुनः पेश गरिएको छ ।

बैंकको मिति २०७८ आषाढ ३१ गते कायम रहेको शेयर प्रिमियम कोष रु.९,८५,२१,७९७.५६ (अक्षेरुपी नौ करोड पचासी लाख एक्काइस हजार सात सय सन्तानब्बे रुपैया छपन्न पैसा मात्र) को सम्पूर्ण रकम र उक्त मितिको सञ्चित मुनाफा समेतबाट हाल कायम चुक्ता पुंजी रु.१४,६५,४९,६४,९५७.६० (अक्षेरुपी चौध अर्ब पैसठ्ठी करोड उनन्पचास लाख चौसठ्ठी हजार नौ सय सन्ताउन्न रुपैया साठी पैसा मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.१,४६,५४,९६,४९५.७६ (अक्षेरुपी एक अर्ब छयालिस करोड चौवन्न लाख छयानब्बे हजार चार सय पन्चानब्बे रुपैया छयत्तर पैसा मात्र) बोनस शेयर वितरण गर्ने र उक्त मितिको सञ्चित मुनाफाबाट सोही चुक्ता पुँजीको २.०७ प्रतिशतले हुन आउने रकम रु.३०,३३,५७,७७४.६२ (अक्षेरुपी तीस करोड तेत्तीस लाख सन्ताउन्न हजार सात सय चौहत्तर रुपैया बैसठ्ठी पैसा मात्र) नगद लाभांश वितरणको लागि नेपाल राष्ट्र बैंकको स्वीकृति र बैंकको एघारौ वार्षिक साधारण सभाबाट पारित भए पश्चात् वितरण गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड
   जावलाखेल,ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
   पुतलीसडक,काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय.
   त्रिपुरेश्वर,काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक
   बैंक तथा वित्तीय संस्था नियमन विभाग.
   बालुवाटार,काठमाण्डौ ।
५. श्री नेपाल राष्ट्र बैंक
   बैंक सुपरिवेक्षण विभाग.
   दरबारमार्ग,काठमाण्डौ ।

भवदीय,

.................

तुलसीराम पोखरेल
बरिष्ठ नायब महाप्रबन्धक/कम्पनी सचिव

Rising Mall, Kamaladi, Kathmandu, Nepal | Tel: 01-4169217 | Fax: +977-1-4169215 | P.O. Box: 26559
e-mail: info@megabank.com.np | www.megabanknepal.com